नेपाल राष्ट्र बैंक
समाचार

वर्ष ५१ अङ्क १ असोज २०८३ सेप्टेम्बर-अक्टोबर २०२६

पाँचौं रणनीतिक योजना तर्जुमासम्बन्धी अन्तरक्रिया

संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले भदौ ५ गते काठमाडौंमा नेपाल राष्ट्र बैंकको 'पाँचौं रणनीतिक योजना' तर्जुमाको सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

बैंकका गभर्नर, डेपुटी गभर्नरद्वय र सञ्चालकहरूको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । पाँचौं रणनीतिक योजनाको निम्ति प्रस्तावित दूरदृष्टि, लक्ष्य, विशिष्ट मूल्य, रणनीतिक दिशा, रणनीतिक स्तम्भको पुनरावलोकनमा केन्द्रित रहेर उक्त कार्यक्रम आयोजना गरिएको थियो ।

सो अवसरमा गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले बैंकको आगामी रणनीतिक योजना सङ्गठनात्मक रूपान्तरण र आधारभूत सुधारमा केन्द्रित हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । यसका लागि भविष्यको मुद्राको स्वरूप (जस्तैः केन्द्रीय बैंक डिजिटल मुद्रा वा परम्परागत प्रणाली) बारे स्पष्ट रणनीतिक निर्णय लिन आवश्यक रहेको उहाँको धारणा थियो ।

डेपुटी गभर्नर किरण पण्डितले विश्वभर वित्तीय समावेशीकरण र साक्षरतासँगै डेटा गभर्नेन्स, डेटा साइन्स र एआईको प्रयोग व्यापक भइरहेको सन्दर्भमा केन्द्रीय बैंकले यी विषयलाई नयाँ रणनीतिक प्राथमिकतामा राख्नुपर्ने विचार व्यक्त गर्नुभयो । डेपुटी गभर्नर दीर्घबहादुर रावलले तथ्य र प्रविधिमा आधारित नीति निर्माण, सरोकारवालाका अपेक्षा, राष्ट्रिय नीतिहरूसँगको सामञ्जस्यतालाई मध्यनजर राख्दै राष्ट्र बैंकलाई आधुनिक, गतिशील, विश्वसनीय र प्रभावकारी केन्द्रीय बैंकका रूपमा स्थापित गरिनुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

कार्यक्रममा बैंकका सञ्चालक डा. रवीन्द्रप्रसाद पाण्डेले आगामी पाँच वर्षको सम्भावित परिदृष्यको आकलनका आधारमा रणनीतिक योजनाको दूरदृष्टि र लक्ष्य निर्धारण गरिनुपर्ने सुझाव दिनुभयो । अर्का सञ्चालक चिन्तामणि शिवाकोटीले 'नेपाल राष्ट्र बैंक ऐन, २०५८' नै बैंकको मार्गदर्शक दस्तावेज भएको उल्लेख गर्दै ऐनका निर्दिष्ट उद्देश्य हासिल हुनेगरी रणनीतिक योजनालाई केन्द्रित गर्नुपर्ने सुझाव दिनुभयो । सञ्चालक डा. शङ्करप्रसाद आचार्यले विगतका रणनीतिक योजना कार्यान्वयनका कमजोरीको पहिचान गरी आगामी योजनालाई प्रभावकारी बनाइनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक मुक्तिनाथ सापकोटाले स्वागत मन्तव्यसहित पाँचौं रणनीतिक योजनाका सम्बन्धमा विभागीय प्रस्तुति दिनुभयो । त्यस क्रममा उहाँले बैंकमा रणनीतिक योजनाको विकासक्रम, विगतका योजनाको कार्यान्वयन पक्ष, आगामी कार्यदिशाबारे जानकारी दिनुभयो । विभागका सहायक निर्देशक विमला कुँवरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंकले सन् २००६ देखि रणनीतिक योजनाको तर्जुमा र कार्यान्वयन सुरु गरेको थियो । यसअघि तीन वटा रणनीतिक योजना कार्यान्वयन भइसकेका छन् । बैंकले पहिलो रणनीतिक योजना सन् २००६-२०१०, दोस्रो सन् २०१२-१६ र तेस्रो सन् २०१७-२०२१ मा कार्यान्वयन गरिसकेको छ भने बैंकको चौथो रणनीतिक योजना (सन् २०२२-२०२६) कार्यान्वयको अन्तिम चरणमा छ । ■

डेपुटी गभर्नरमा रावल नियुक्त

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक दीर्घबहादुर रावल बैंकको डेपुटी गभर्नरमा नियुक्त हुनुभएको छ । नेपाल सरकार (मन्त्रिपरिषद्) को २०८३ भदौ ३ गतेको निर्णयअनुसार उहाँ डेपुटी गभर्नरमा नियुक्त हुनुभएको हो ।

भदौ ४ गते आयोजित सङ्क्षिप्त कार्यक्रममा रावलले गभर्नर प्रा.डा. विश्वनाथ पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ लिई पद बहाली गर्नुभएको हो । शपथ ग्रहण समारोहमा गभर्नर पौडेलले डेपुटी गभर्नर रावललाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना दिनुभयो । कार्यक्रममा उपस्थित कार्यकारी निर्देशकहरूका तर्फबाट सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले डेपुटी गभर्नर रावललाई शुभकामना दिनुभएको थियो ।

डेपुटी गभर्नर रावल २०६२ माघ २ गते सहायक निर्देशकको रूपमा बैंक सेवा प्रवेश गर्नुभएको थियो । उहाँ २०६९ सालमा उप-निर्देशक, २०७५ सालमा निर्देशक हुँदै २०८२ जेठ १९ गते कार्यकारी निर्देशकमा पदोन्नति हुनुभएको थियो । पदोन्नतिपश्चात् उहाँले बैंक सुपरिवेक्षण विभागको नेतृत्व सम्हाल्दै आउनुभएको थियो ।

नेपाल राष्ट्र बैंक समाचार उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछ । ■

बैंक र प्राधिकरणबीच समझदारी

नेपाल राष्ट्र बैंक र नेपाल बीमा प्राधिकरणबीच सम्पत्ति शुद्धीकरण निवारणमा सहकार्य गर्ने समझदारी भएको छ ।

सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी एवम् आम विनाशकारी हातहतियार निर्माण तथा विस्तारमा वित्तीय लगानी (प्रोलिफरेसन फाइनान्सिङ) एवम् सम्बद्ध कसुरसम्बन्धी जोखिम पहिचान, सूचक संस्थाको प्रभावकारी नियमन/सुपरिवेक्षण र एकआपसमा सूचना आदानप्रदान, समन्वय र सहकार्य गर्ने सन्दर्भमा उक्त समझदारी भएको हो । भदौ ८ गते आयोजित कार्यक्रममा बैंकका तर्फबाट सम्पत्ति शुद्धीकरण सुपरिवेक्षण महाशाखाका निर्देशक राजनदेव भट्टराई र प्राधिकरणका निर्देशक कमलप्रसाद रेग्मीले समझदारीपत्रमा हस्ताक्षर गर्नुभयो ।

समझदारीपत्रमा राष्ट्र बैंक र प्राधिकरणले सूचक संस्थाको नियमन र सुपरिवेक्षणबाट प्राप्त जानकारी र जोखिमको स्थितिबारे एकअर्काबीच सूचना वा जानकारी आदानप्रदान गरिने उल्लेख छ । सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ७प(३) मा वित्तीय संस्थाको नियमन तथा सुपरिवेक्षण गर्ने नियमनकारी निकायले एकै समूहअन्तर्गत रही एकै वा फरक-फरक प्रकृतिको व्यवसाय गर्ने सूचक संस्थाको स्वदेशी वा विदेशी नियमनकारी निकायसँग मिलेर संयुक्त रूपमा नियमन तथा सुपरिवेक्षण गर्न वा त्यस्ता सूचक संस्थाको नियमन तथा सुपरिवेक्षणसम्बन्धी सूचना तथा जानकारी आदानप्रदान गर्न सक्ने व्यवस्था छ । ■

बैंकका पदाधिकारी र कर्मचारीद्वारा उद्धार कोषमा रकम जम्मा

२०८३ भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित व्यक्ति र परिवारको सहयोगार्थ नेपाल राष्ट्र बैंकले रु.१ करोड ३८ लाख ८९ हजार ४२५ 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष'मा जम्मा गरेको छ ।

गभर्नर, डेपुटी गभर्नर र कर्मचारी (करार समेत) को तलबबाट कट्टा गरी उद्धार कोषमा उक्त रकम जम्मा गरिएको हो । मानव संसाधन व्यवस्थापन विभागका अनुसार सुरु तलब स्केलको आधारमा गभर्नर, डेपुटी गभर्नर, कार्यकारी निर्देशक र निर्देशकको १० दिन, उप-निर्देशक र सहायक निर्देशकको सात दिन, सहायक स्तरका कर्मचारीको पाँच दिन, श्रेणीविहीन कर्मचारी र अधिकृतस्तर (करार)का कर्मचारीको दुई दिन र अन्य करार कर्मचारीको एक दिनबराबरको रकम कट्टा गरी उद्धार कोषमा जम्मा गरिएको थियो । ■

सार्वजनिक खरिदसम्बन्धी तालिम

बैंकर्स प्रशिक्षण केन्द्रले भदौ २५ र २६ गते 'Public Procurement for Senior Executives (Evaluation Committee, Working Committee Members)' विषयक तालिम आयोजना गर्‍यो ।

सम्पत्ति तथा सेवा व्यवस्थापन विभागसँगको समन्वयमा केन्द्रले उक्त तालिम आयोजना गरेको हो । तालिममा विभिन्न विभाग/कार्यालयका कार्यकारी निर्देशक, निर्देशक र सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका उप-निर्देशकसहित ३८ जनाको सहभागिता थियो । सो अवसरमा उद्घाटन मन्तव्य राख्दै गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले सार्वजनिक खरिद प्रक्रियामा व्यापक सुधारको आवश्यकता रहेको उल्लेख गर्दै राष्ट्र बैंकको खरिद प्रक्रियालाई प्रभावकारी र गुणस्तरीय बनाउन उक्त तालिम फलदायी रहने विश्वास व्यक्त गर्नुभयो । खरिद प्रक्रियामा हुने ढिलासुस्तीलाई अन्त्य गर्नुपर्ने आवश्यकतामा समेत उहाँले जोड दिनुभयो ।

नेपाल राष्ट्र बैंकको सार्वजनिक खरिद विनियमावली संशोधनको प्रक्रियामा रहेको सन्दर्भ उल्लेख गर्दै गभर्नर पौडेलले तालिमका दौरान संशोधनका निम्ति महत्त्वपूर्ण सुझावहरू प्राप्त हुने अपेक्षा राख्नुभयो । साथै, आगामी दिनमा रणनीतिक योजना, वार्षिक खरिद योजना, खरिदसम्बन्धी कार्यहरू समयमै सम्पादन भई अपेक्षित उपलब्धि हासिल हुने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो ।

चार वटा सत्रमा सञ्चालित उक्त तालिममा बैंकका आन्तरिक र बाह्य विज्ञ प्रशिक्षकहरूले सार्वजनिक खरिद प्रक्रियाका विविध विषयमा सहभागीलाई प्रशिक्षण दिनुभयो । सो अवसरमा सार्वजनिक खरिदको अवधारणात्मक पक्ष, खरिद योजनाको तयारी, खरिद विधि र बोलपत्रको मूल्याङ्कन, करार व्यवस्थापन, लिलामी प्रक्रिया लगायतका विषयमा जानकारी दिइएको थियो । ■

रेगुलेटरी स्यान्डबक्स सम्बन्धी अन्तरक्रिया

भुक्तानी प्रणाली विभागले भदौ १० गते काठमाडौंमा रेगुलेटरी स्यान्डबक्स सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

विभागले सञ्चालनमा ल्याएको रेगुलेटरी स्यान्डबक्सको उद्देश्य, फाइदा, लक्षित समूह, नवप्रवर्तन, स्यान्डबक्सको सञ्चालन प्रक्रिया लगायतका विषयमा केन्द्रित रहेर उक्त अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा स्याण्डबक्स निर्देशक समिति र स्याण्डबक्स समितिका सदस्य, बैंक तथा वित्तीय संस्था, भुक्तानी प्रणाली सञ्चालक, भुक्तानी सेवा प्रदायक, स्टार्टअफ उद्यम, फिन्टेक कम्पनीका प्रतिनिधिसँगै सञ्चारकर्मी र विद्यार्थीको सहभागिता थियो ।

सो अवसरमा विभागका सहायक निर्देशक राजेश पनेरुले रेगुलेटरी स्यान्डबक्सको उद्देश्य, फाइदा, यसका लक्षित समूह, लक्षित नवप्रर्वतन, स्यान्डबक्स सञ्चालन प्रक्रिया लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यक्रममा विभागका सहायक आयुशा विष्टले रेगुलेटरी

स्यान्डबक्सको 'वेबपेज डेमो' प्रदर्शन गर्नुभयो । दुवै प्रस्तुतिपश्चात् सहभागीहरूबीच रेगुलेटरी स्यान्डबक्सका विविध पक्षमाथि छलफल भएको थियो । विभागका निर्देशक सुवास आचार्यले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक निश्चल अधिकारीले डिजिटल प्रविधिले भुक्तानी उपकरणलाई मितव्ययी, सरल, सहज र सुरक्षित बनाएको उल्लेख गर्दै भुक्तानी प्रणालीमा आएको नवप्रवर्द्धनले बैंकिङ क्षेत्रको विकास तथा स्थायित्वमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा विभागका निर्देशक अजित रेग्मीले स्वागत मन्तव्य राख्दै डिजिटल वित्तीय सेवाको प्रवर्द्धनका निम्ति राष्ट्र बैंकबाट भएका प्रयासबारे जानकारी दिनुभयो भने सहायक निर्देशक शोभा सिलवालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

मौद्रिक तथा तरलता व्यवस्थापनसम्बन्धी अन्तरक्रिया

मौद्रिक व्यवस्थापन विभागले भदौ ३ गते काठमाडौंमा मौद्रिक तथा तरलता व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

मौद्रिक तथा तरलता व्यवस्थापनमा मौद्रिक व्यवस्थापन विभाग र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबीचको समन्वयमा केन्द्रित रहेर उक्त कार्यक्रम आयोजना गरिएको हो । विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीको अध्यक्षतामा आयोजित कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिव देवराज जोशी, विभागका निर्देशक लक्ष्मीप्रसाद प्रसाईं, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, राष्ट्र बैंकका विभिन्न विभागका प्रतिनिधि र आयोजक विभागका कर्मचारीको सहभागिता थियो ।

सो अवसरमा विभागका उप-निर्देशक विशाल सर्राफले 'तरलता व्यवस्थापन तथा Yield Curve को विकास'सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले तरलता र ब्याजदरको अवस्था, तरलता व्यवस्थापनका निम्ति विभागबाट भएका कार्य, Yield Curve र सोको औचित्य, विभाग र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबीचको समन्वयका विषयमा चर्चा गर्नुभयो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका उप-सचिव प्रकाश पुडासैनीले छलफलका क्रममा उठेका विषयमा कार्यालयका तर्फबाट धारणा राख्दै 'Debt Operation and Management System (DOMS)' को प्राविधिक पक्षबारे जानकारी दिनुभयो । विद्यमान स्थायी निक्षेप सुविधा दर सरकारी ऋणपत्रको ब्याजदरभन्दा बढी रहेका कारण सरकारी ऋणपत्रमा कम आकर्षण भएको उल्लेख गर्दै उहाँले सो सम्बन्धमा दुवै निकायबीच समन्वय हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

अर्थ मन्त्रालयका सहसचिव जोशीले दुई निकायबीच साझा बुझाई कायम गर्न र साझा उद्देश्य प्राप्तिका निम्ति यस्ता कार्यक्रम नियमित रूपमा आयोजना हुनुपर्ने सुझाव दिनुभयो । सो अवसरमा सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका उप-सचिव मोहनसिंह बस्नेत र बैंकका विभिन्न विभागका प्रतिनिधिका तर्फबाट आ-आफ्नो धारणा राखिएको थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक पंगेनीले सार्वजनिक ऋणका तथ्याङ्क हस्तान्तरणका क्रममा बाँकी रकमहरूको हस्तान्तरण तत्काल गर्न सकिएमा लेखापरीक्षणमा देखिएका कैफियतलाई सम्बोधन गर्न सकिने धारणा राख्नुभयो । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको 'डोम्स' प्रणालीमा विभागबाट रोक्का/फुकुवा गर्न सक्नेगरी सम्झौता र प्रविधिमा थप विकास हुन सकेमा तरलता व्यवस्थापन थप प्रभावकारी हुने उहाँको धारणा थियो ।

सो अवसरमा विभागका निर्देशक प्रसाईंले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक एलिशा मानन्धरले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

इटहरीमा नोटकोष कारोबार व्यवस्थापनसम्बन्धी अनुशिक्षण

मुद्रा व्यवस्थापन विभागले भदौ १७ गते सुनसरीको इटहरीमा नोटकोष कारोबार व्यवस्थापनसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यकारी निर्देशक अनुज दाहालको उपस्थितिमा आयोजित कार्यक्रममा मुद्रा व्यवस्थापन विभागसँगै राष्ट्र बैंकका विराटनगर, जनकपुर र वीरगञ्ज कार्यालय र नोटकोष सञ्चालन गर्ने वाणिज्य बैंकका शाखा कार्यालयका कर्मचारीको सहभागिता थियो ।

अनुशिक्षण कार्यक्रमको पहिलो सत्रमा विभागका निर्देशक केशवप्रसाद तिमिल्सिनाले 'नोटकोष व्यवस्थापन निर्देशिका, २०८२' मा उल्लिखित व्यवस्थाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । दोस्रो सत्रमा विभागका सहायक निर्देशक डम्बरदत्त भट्टले नोटकोष व्यवस्थापनसम्बन्धी नीतिगत व्यवस्था, सफा नोट नीति, नोटको सट्टाभर्ना नीति र नोटकोष कारोबार प्रणाली (एनसीटीएस) मार्फत हुने कारोबारको प्रक्रियाबारे कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूबीच नोटकोष कारोबारमा देखिएका समस्याका सन्दर्भमा छलफल भएको थियो । विराटनगर कार्यालयका निर्देशक सुमन नेउपानेले सहभागीका जिज्ञासाको जवाफसँगै समसामयिक विषयमा मन्तव्य राख्नुभयो । कार्यकारी निर्देशक अनुज दाहालले नोटकोष कारोबार सञ्चालनका सैद्धान्तिक र व्यावहारिक पक्षका जिज्ञासालाई सम्बोधन गर्दै पछिल्ला नीतिगत व्यवस्थाबारे स्पष्ट पार्नुभयो ।

सो अवसरमा विभागका निर्देशक तिमिल्सिनाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक ध्रुव पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

सम्पत्ति शुद्धीकरण निवारणमा राष्ट्र बैंकको बहुआयामिक भूमिका

सचिनराज पिया
उप-निर्देशक

संयुक्त राष्ट्रसंघीय लागुऔषध तथा अपराध नियन्त्रणसम्बन्धी निकाय (यूएनओडीसी) को अनुमानअनुसार प्रत्येक वर्ष विश्वव्यापी कुल गार्हस्थ्य उत्पादनको दुईदेखि पाँच प्रतिशत बराबरको अवैध स्रोतबाट आर्जित रकम शुद्धीकरण हुने गर्दछ। अवैध कार्य गरी आर्जित सम्पत्ति धुल्याउने कार्यबाट समाज र अर्थतन्त्रमा नकारात्मक असर पर्ने कारणले सम्पत्ति शुद्धीकरणलाई अपराध मानिएको छ। यो कार्य अन्य गम्भीर प्रकृतिका अपराधसँग समेत जोडिएको पाइन्छ। साथै, कतिपय आपराधिक जालो विभिन्न देशमा फैलिने गरेको र आर्जित नाफा/सम्पत्ति समेत अन्तरसीमा रकमान्तर हुने गरेको पाइन्छ। सम्पत्ति शुद्धीकरणलाई संयुक्त प्रयासको माध्यमबाट प्रभावकारी रूपमा निवारण गर्न सन् १९८९ मा 'फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटीएफ)' गठन गरिएको थियो। एफएटीएफबाट जारी भएका मापदण्डका आधारमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण (एएमएल/सीएफटी) को अनुपालना र प्रभावकारिता मापन गर्न आवधिक रूपमा पारस्परिक मूल्याङ्कन गर्ने गरिन्छ। पछिल्लो पटकको मूल्याङ्कनको आधारमा नेपाललाई एफएटीएफले 'सघन अनुगमन सूची(ग्रे-लिस्ट)'मा राखेको अवस्था छ। उक्त सूचीबाट बाहिरिन नेपालले सुधारात्मक कार्यहरू सम्पन्न गर्ने प्रतिबद्धता जनाएको छ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण प्रणालीलाई सुदृढ बनाउनका लागि कुनै एक क्षेत्र वा निकायको प्रयास मात्र पर्याप्त हुँदैन। यसमा सम्पूर्ण सरकारी दृष्टिकोण आवश्यक पर्दछ। साथै, एएमएल/सीएफटीमा सम्बन्धित निकायहरूबीचको समन्वय र सहकार्य निकै महत्त्वपूर्ण रहन्छ। तथापि यस प्रणालीमा केही संस्था, निकायहरूको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहन्छ, जसले प्रणालीको सुधारमा उल्लेख्य प्रभाव पार्न सक्छ। नेपालको सन्दर्भमा नेपाल राष्ट्र बैंक पनि त्यस्तो निकाय हो, जसको भूमिका 'एएमएल/सीएफटी रेजिम'मा महत्त्वपूर्ण छ। राष्ट्र बैंक समग्र बैंकिङ क्षेत्रको नियामक निकाय मात्र नभई समष्टिगत आर्थिक तथा वित्तीय नीति निर्माण गर्ने नेतृत्वदायी भूमिका भएको निकाय पनि हो। साथै, 'एएमएल/सीएफटी प्रणाली'को मेरुदण्ड भनेर चिनिने 'वित्तीय जानकारी इकाइ' समेत नेपालमा राष्ट्र बैंककै स्रोत साधनबाट सञ्चालन हुने व्यवस्था छ।

नियमन तथा सुपरिवेक्षण

बैंकिङ क्षेत्रलगायत सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणमा दायित्व भएका भुक्तानी सेवा प्रदायक, विप्रेषण कम्पनी, मनिचेन्जर जस्ता संस्थाको नियमन तथा सुपरिवेक्षण गर्ने जिम्मेवारी नेपाल राष्ट्र बैंकलाई प्राप्त छ। वित्तीय कारोबारको दृष्टिकोणले सबैभन्दा बढी अंश बैंकिङ क्षेत्रले ओगटेको र औपचारिक अन्तरसीमा कारोबार पनि बैंकिङ क्षेत्रबाट नै हुने भएकोले यस क्षेत्रमा ग्राहक पहिचान पद्धति, आन्तरिक नियन्त्रण, जोखिम मूल्याङ्कन, शङ्कास्पद कारोबार पहिचान तथा रिपोर्टिङ जस्ता निरोधात्मक उपायहरू प्रभावकारी रूपमा कार्यान्वयन नभए सम्पत्ति शुद्धीकरणका लागि व्यापक दुरुपयोग हुन सक्ने सम्भावना रहन्छ। यसरी वित्तीय क्षेत्रको उच्च हिस्सा रहेको बैंकिङ क्षेत्रको नियामक र एएमएल/सीएफटी सम्बन्धी व्यवस्थाको अनुपालना गराउने जिम्मेवारी रहेकोले यस प्रणालीमा राष्ट्र बैंकको महत्त्वपूर्ण भूमिका रहेको छ।

वित्तीय जानकारी इकाइ

सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ ले सम्पत्ति शुद्धीकरण वा सम्बद्ध कसुरसम्बन्धी शङ्कास्पद कारोबारको प्रतिवेदन वा सूचना प्राप्ति, सोको विश्लेषण र निष्कर्ष प्रवाह गर्ने जिम्मेवारीसहित सञ्चालनगत दृष्टिले 'स्वायत्त निकाय'को रूपमा वित्तीय जानकारी इकाइ रहने व्यवस्था गरेको छ। इकाइको प्रमुखसँगै आवश्यक बजेट र स्रोतसाधन राष्ट्र बैंकबाटै उपलब्ध हुने व्यवस्था उक्त ऐनमा छ।

वित्तीय र गैर-वित्तीय क्षेत्रका सूचक संस्था, नियमनकारी निकाय र अनुसन्धानकारी निकायहरूसँग प्रत्यक्ष सम्बन्ध राख्दै वित्तीय सूचनाको प्रयोगमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने र नेपालको 'एएमएल/सीएफटी रेजिम'को केन्द्रविन्दुमा रही सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणमा प्रभावकारी र जिम्मेवार ढङ्गले कार्य गर्नुपर्ने भएकाले इकाइको विशेष भूमिका रहन्छ। साथै, अन्य सम्बद्ध निकायको क्षमता विकास तथा सम्पत्ति शुद्धीकरणको विषयमा नीतिगत व्यवस्था तर्जुमा गर्दा विज्ञ/जानकारको रूपमा पनि इकाइले भूमिका खेल्नुपर्ने हुन्छ। नेपालको 'एएमएल/सीएफटी रेजिम'को नीतिगत तथा सञ्चालनगत तहमा मुख्य जिम्मेवारी रहेको समन्वय समितिको सचिवालयको भूमिकासमेत इकाइले वहन गर्दै आएको छ। साथै, आन्तरिक समन्वयसँग सम्बन्धित सबै समिति र संयन्त्रमा वित्तीय जानकारी इकाइले सहभागिता जनाउँदै आएको छ।

आर्थिक तथा वित्तीय नीति निर्माण

नेपाल राष्ट्र बैंक नियमनकारी निकाय मात्र नभएर मुलुकको आर्थिक तथा वित्तीय नीतिको निर्माणकर्ता समेत हो। अर्थतन्त्र र वित्तीय प्रणालीलाई असर गर्ने मुद्दा सम्बोधन गर्ने विषयमा राष्ट्र बैंकको चासो र आवश्यक भूमिका रहन्छ। सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित आर्थिक तथा वित्तीय क्षेत्रका नीतिगत विषयहरू जस्तै: अनौपचारिक अर्थतन्त्र, वित्तीय पारदर्शिता, सुदृढ र सुरक्षित भुक्तानी प्रणाली, वित्तीय पहुँचसँग सामञ्जस्यता राष्ट्र बैंकको क्षेत्राधिकार भित्रको नीतिगत व्यवस्थासँग सम्बन्धित विषय हो। साथै, 'ग्रे-लिस्ट'मा परेपश्चात् विदेशी लगानी तथा अन्तरसीमा लागतमा पर्न सक्ने असर आदि विषय पनि राष्ट्र बैंकले लिने आर्थिक तथा वित्तीय नीतिसँग जोडिन्छ।

एएमएल/सीएफटीमा राष्ट्र बैंकको चासो

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणलाई राष्ट्र बैंकले किन महत्त्व दिने त? सम्पत्ति शुद्धीकरण निवारणसँग सम्बन्धित नियमन र सुपरिवेक्षकीय व्यवस्थालाई सुदृढ बनाएर, वित्तीय जानकारी इकाइको कामकारवाही प्रभावकारी भएर वा आर्थिक तथा वित्तीय नीतिलाई सम्पत्ति शुद्धीकरण निवारणसँग आबद्ध गराएर राष्ट्र बैंकको मुख्य चासो कसरी सम्बोधन हुन्छ त?

The FATF Recommendations (Updated December 2026) ले एफएटीएफलाई देहायको जिम्मेवारी तोकेको छ:

'The mandate of the FATF is to set standards and to promote effective implementation of legal, regulatory, and operational measures for combating money laundering, terrorist financing, and the financing of proliferation, and other related threats to the integrity of the international financial system'.

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी मापदण्डको कार्यान्वयनको मुख्य उद्देश्य अन्तर्राष्ट्रिय वित्तीय प्रणालीलाई सुरक्षित गर्नु रहेको सन्दर्भमा देशको वित्तीय प्रणाली सबल र सुरक्षित



एआई सिर्जित प्रतीकात्मक चित्र

बनाउने जिम्मेवारी बोकेको राष्ट्र बैंकले सम्पत्ति शुद्धीकरण निवारणलाई उच्च प्राथमिकतामा राख्नुपर्ने विषय स्वाभाविक देखिन्छ। सम्पत्ति शुद्धीकरण निवारणको कार्यान्वयनबाट वित्तीय अपराध नियन्त्रण एवम् शान्तिसुरक्षा कायम गर्नुपर्ने जस्ता सामाजिक विषयसमेत लक्षित गरिएको हुन्छ, जुन कानुन कार्यान्वयन गर्ने निकायका लागि बढी सरोकारको विषय रहन्छ। तर एएमएल/सीएफटी सम्बन्धी कानुनी र नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनबाट हासिल गरिने आर्थिक तथा वित्तीय विषय, वित्तीय स्थायित्व, मार्केट इन्टिग्रिटी, वित्तीय प्रणालीको दुरुपयोग रोक्ने विषय राष्ट्र बैंकको अधिकार क्षेत्र र उद्देश्यसँग प्रत्यक्ष सरोकार रहन्छ।

बासेल कमिटी अन बैंकिङ सुपरभिजन (बीसीबीएस) ले सन् १९८८ मा जारी गरेको 'स्टेटमेन्ट अफ प्रिन्सिपल्स (Statement of Principles)' मा बैंक सुपरिवेक्षकको मुख्य जिम्मेवारी व्यक्तिगत ग्राहक कारोबारको वैधता सम्पुष्टि गर्ने नभई समग्र वित्तीय स्थायित्व र सबलता कायम गर्नु रहेको उल्लेख छ। तथापि, अपराधीहरूले बैंकिङ माध्यमलाई दुरुपयोग गर्ने विषयमा सुपरिवेक्षकहरू उदासीन रहनु हुँदैन किनकि अपराधीसँगको सम्बद्धताबाट उत्पन्न हुन सक्ने प्रतिकूल प्रचारले सार्वजनिक विश्वास र त्यसबाट बैंकको स्थायित्व कमजोर हुन सक्ने उल्लेख गरेको थियो। पछिल्लो समयमा बीसीबीएसले जारी गरेको मार्गदर्शन 'Sound Management of Risks Related to Money Laundering and Financing of Terrorism' ले बैंक सुपरिवेक्षकलाई FATF Recommendations 26 (Regulation and Supervision of Financial Institutions) को अनुपालना गर्न र बैंकहरूको सबलताको लागि मात्र नभई वित्तीय प्रणालीको सुरक्षाको लागि पनि बैंकहरूले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी जोखिमलाई पर्याप्त सम्बोधन गरेको यकिन गर्न सुझाएको छ।

एएमएल/सीएफटीको अनुपालना र प्रभावकारिता सबल नबनाए 'ग्रे-लिस्ट'बाट समयमै बाहिरिने प्रयास चुनौतीपूर्ण हुन सक्छ। साथै भविष्यमा हुने पारस्परिक मूल्याङ्कनमा कमजोर देखिई पुनः 'ग्रे-लिस्ट'मा पर्न सक्ने जोखिम रहन्छ। यसले नेपालको वित्तीय प्रणालीको साखमा मात्र नभई राष्ट्रिय अर्थतन्त्रमा समेत नकारात्मक प्रभाव पार्न सक्छ, जुन विषयलाई राष्ट्र बैंकको लागि पक्कै पनि चासोको विषय रहन्छ र राष्ट्र बैंकले यस विषयलाई नजिकबाट नियालेको अवस्था पनि छ।

एएमएल/सीएफटीमा राष्ट्र बैंकको भूमिका

सन् २०२२-२३ को पारस्परिक मूल्याङ्कनपश्चात् राष्ट्र बैंकबाट सम्पत्ति शुद्धीकरण निवारणमा केही उल्लेख्य प्रयास भएका छन्। २०८१ साउन १ देखि अलग्गै महाशाखा स्थापना गरी सम्पत्ति शुद्धीकरण केन्द्रित सुपरिवेक्षण गर्दै आएको छ। अनुपालनामा कमजोर देखिएका केही वाणिज्य बैंक लगायतका संस्था र तिनका पदाधिकारीलाई कारबाही गरिएको छ। इजाजतपत्र प्रदान गर्ने नीति, निर्देशनहरूलाई थप परिस्कृत गरिएको छ। सम्पत्ति शुद्धीकरणसम्बन्धी सुपरिवेक्षणको अलग्गै विनियमावली र म्यानुअल कार्यान्वयनमा ल्याइएको छ भने जोखिममा आधारित स्थलगत र गैरस्थलगत सुपरिवेक्षण हुँदै आएको छ। बैंकर्स प्रशिक्षण केन्द्रमार्फत सञ्चालन हुने तालिममा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी विषय प्राथमिकतामा पर्दै आएको छ। वित्तीय जानकारी इकाइको प्रणालीमा आबद्ध सूचक संस्थाहरूको सङ्ख्या बढेको छ। उक्त सफ्टवेयरमार्फत शङ्कास्पद कारोबार प्रतिवेदन लगायतका विवरण लिने र सूचना प्रवाह गर्ने कार्यलाई स्वचालित बनाइएको छ।

राष्ट्र बैंकले आफ्ना मूल उद्देश्यलाई ध्यानमा राख्दै नेपालको सम्पत्ति शुद्धीकरण निवारणमा थप प्रभावकारी र परिणाममुखी भूमिका निर्वाह गर्न देहायका पक्षमा सुधार हुन आवश्यक देखिन्छः

- सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखालाई थप स्रोत साधनसम्पन्न बनाई जोखिममा आधारित सुपरिवेक्षणलाई प्रभावकारी बनाउने। जोखिम मूल्याङ्कनको आधारमा राष्ट्र बैंकको दायरामा पर्ने विभिन्न क्षेत्रमा सुपरिवेक्षकीय स्रोतसाधनलाई निर्देशित गर्ने। साथै, संस्थाहरूको 'रिस्क प्रोफाइल'को आधारमा सुपरिवेक्षणको दायरा र सघनता निर्धारण गर्ने।
- एएमएल/सीएफटी सम्बन्धी सुपरिवेक्षणको नतिजालाई बैंक सुपरिवेक्षण विभागबाट हुने समष्टिगत विवेकशील सुपरिवेक्षणसँग समायोजन गरी संस्थाको समग्र जोखिम मूल्याङ्कनमा प्रतिबिम्बित हुने व्यवस्था गर्ने।
- गभर्नरको कार्यालयमा 'एएमएल/सीएफटी समन्वय इकाइ' गठन गर्ने। उक्त इकाइबाट राष्ट्र बैंकभित्र सम्पत्ति शुद्धीकरण निवारणको नियमन र सुपरिवेक्षकीय भूमिकामा रहेका विभाग, महाशाखाका कार्यलाई समन्वय गर्ने। सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी 'नियामक समन्वय संयन्त्र'को सचिवालयको जिम्मेवारी सोही इकाइमा रहने व्यवस्था मिलाउने। राष्ट्र बैंकसँग सम्बन्धित राष्ट्रिय रणनीति तथा कार्ययोजनाका कार्य र 'ग्रे-लिस्ट'बाट बाहिरिनको लागि लक्षित कार्यको निगरानी समेत राख्ने।
- एफएटीएफले आफ्नो 'Strategic Priorities 2026-28' मा समावेश गरेको अन्तर्राष्ट्रिय समन्वयलाई सुदृढ तथा प्रभावकारी बनाउने सम्बन्धमा अन्य देशको एएमएल/सीएफटी सम्बन्धी सुपरिवेक्षकीय निकायसँग सूचना आदानप्रदान गर्न आवश्यक समझदारी गर्ने।
- शङ्कास्पद कारोबारको रिपोर्टिङमा देखिएको उल्लेख्य वृद्धि र पारस्परिक मूल्याङ्कनपश्चात् वित्तीय जानकारी इकाइको आन्तरिक र बाह्य समन्वय-सहकार्य भूमिकामा परेको चापलाई ध्यानमा राखी वित्तीय जानकारी इकाइलाई थप स्रोतसाधन उपलब्ध गराउने। Typologies Research तथा Strategic Analysis जस्ता उच्च महत्त्वको कार्यलाई प्रभावकारी बनाउने र अन्य निकायको क्षमता विकासलाई समेत सहयोग गर्न सक्नेगरी इकाइमा विज्ञता विकास गर्दै जाने।
- ग्रे-लिस्टबाट अर्थतन्त्रमा परेको प्रभाव र आगामी दिनमा यसले पार्न सक्ने थप सम्भावित असरबारे अध्ययन गरी सोको प्रभावलाई न्यूनीकरण गर्न चाल्नुपर्ने उपायहरू पहिचान गर्ने।

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण प्रणालीलाई सुदृढ बनाउन सबै सम्बद्ध निकायको भूमिका रहन्छ नै, यद्यपि राष्ट्र बैंक जस्तो बहुआयामिक भूमिका रहेको निकायको जिम्मेवारी अझ गहन र महत्त्वपूर्ण हुन्छ। यसलाई मध्यनजर गर्दै आगामी दिनमा राष्ट्र बैंकले आफ्नो भूमिकालाई परिणाममुखी बनाई सुधारात्मक उपाय अवलम्बन गर्नुपर्ने आवश्यकता देखिन्छ। ■

दमकमा शङ्कास्पद/जाली मुद्रा पहिचान र सफा नोटसम्बन्धी अनुशिक्षण

विराटनगर कार्यालयले भदौ १० गते झापाको दमक बजारमा शङ्कास्पद/जाली मुद्रा पहिचान र सफा नोटसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

शङ्कास्पद वा जाली नोटको पहिचान र नेपाली मुद्राका विशेषताबारे सरोकारवालालाई जानकारी दिने उद्देश्यका साथ कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यालयका निर्देशक सुमन नेउपानेको अध्यक्षतामा आयोजित कार्यक्रममा स्थानीय क्षेत्रका बैंक तथा वित्तीय संस्था र सरकारी निकायका प्रतिनिधि, उद्योगी व्यवसायी, सुरक्षाकर्मी, पुरोहित, शिक्षक, विद्यार्थी लगायतको सहभागिता थियो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक अच्युतकुमार थापाले नेपाली नोट सुरक्षण विशेषता र शङ्कास्पद नोट पहिचान सम्बन्धमा जानकारी दिनुभयो । निर्देशक नेउपानेले चाडबाड नजिकिँदै गर्दा जाली नोटको प्रयोग बढ्न सक्ने उल्लेख गर्दै यसप्रति सबै सरोकारवालाहरू सचेत हुनुपर्ने धारणा राख्नुभयो ।

सो अनुशिक्षण कार्यक्रममा विराटनगर कार्यालयका प्रधान सहायक सुरेश रेग्मीले स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभयो भने प्रधान सहायक उज्वल ढुङ्गानाले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो । ■

पोखरामा समसामयिक विषयमा अन्तरक्रिया

पोखरा कार्यालयले भदौ ३ गते समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक शिखा अधिकारी रेग्मीको संयोजकत्वमा आयोजित कार्यक्रममा गण्डकी प्रदेशस्थित वाणिज्य बैंकका प्रदेश प्रमुख र अन्य वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा कार्यालयका उप-निर्देशक रामकुमार कार्कीले आर्थिक वर्ष २०८३/८४ को मौद्रिक नीतिमा भएका व्यवस्था, सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि २०८२, निष्क्रिय खाताको व्यवस्थापन, राष्ट्रिय परिचयपत्रको अद्यावधिक लगायतका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा सहभागीका तर्फबाट बैंक तथा वित्तीय संस्थाले भोग्नुपरेका व्यावहारिक समस्या र बैंकबाट जारी परिपत्रका सम्बन्धमा जिज्ञासा राखिएको थियो । सो अवसरमा निर्देशक अधिकारीले सहभागीले राखेका जिज्ञासाको सम्बोधनसहित कार्यक्रम समापन गर्नुभयो भने प्रधान सहायक अमृता पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

Major Financial Indicators

as on Saun End, 2083 (Mid-Aug, 2026)

		Class "A"	Class "B"	Class "C"	Overall
A. Credit, Deposit Ratios (%)					
1	Total Deposit/GDP	113.40	10.03	2.16	125.59
2	Total Credit/GDP	80.13	8.37	1.66	90.15
3	Total Credit/ Total Deposit**	70.66	83.43	76.81	71.78
4	CD Ratio*	70.09	83.08	76.35	71.23
5	Fixed Deposit/Total Deposit	35.41	31.71	53.48	35.43
6	Saving Deposit/Total Deposit	47.03	55.45	32.95	47.46
7	Current Deposit/Total Deposit	7.98	2.78	1.41	7.45
8	Call Deposit/Total Deposit	8.81	10.01	12.09	8.96
9	NPL/ Total Loan^	5.56	5.77	9.89	5.66
10	Total LLP /Total Loan	5.81	5.29	9.48	5.83
11	Deprived Sector Loan/Total Loan $^	5.17	6.12	5.74	5.27
B. Liquidity Ratios (%)					
1	Cash & Bank Balance/Total Deposit	7.87	7.57	9.51	7.88
2	Investment in Gov. Securities/Total Deposit	14.65	10.67	11.08	14.27
3	Total Liquid Assets/Total Deposit #	38.69	27.92	36.11	37.78
C. Capital Adequacy Ratios (%)					
1	Core Capital/RWA	9.75	11.16	11.67	9.89
2	Total Capital/RWA	12.53	14.06	14.52	12.68
D. Financial Access					
1	No. of institutions	20	17	16	53
2	No. of Branches	4,937	1,112	294	6,343
3	No. of Deposit Accounts	54,668,436	7,904,875	1,093,141	63,666,452
4	No.of Loan Accounts	1,719,336	259,897	65,593	2,044,826
5	No. of Branchless Banking Centers	633	3	-	636
6	No. of Branchless Banking Customers	258,330	454	-	258,784
7	No. of Mobile Banking Customers	25,937,236	4,035,480	344,859	30,317,575
8	No. of Internet Banking Customers	1,819,191	621,826	21,043	2,462,060
9	No. of ATMs	4,739	336	33	5,108
10	No. of Debit Cards	12,268,980	1,393,798	86,191	13,748,969
11	No. of Credit Cards	328,440	5,263	950	334,653
12	No. of Prepaid Cards	276,866	4,875	-	281,741
E. Interest Rate(%)					
1	**Wt. Avg Interest Rate on Deposit**	**3.15**			
	(a) Saving	2.73			
	(b) Fixed	4.73			
	(c) Call	0.49			
2	**Wt. Avg Interest Rate on Credit**	**6.48**			

Note:

Bank balance includes money at call

Nominal GDP for 2025/26(P) stands at Rs. 6,600,098 million (Source:https://nsonepal.gov.np/content/13465/provincial-gross-domestic-product-2082-83/)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Asar end of FY2082/83 (2025/26)

#Calculation method is revised; liquid assets are derived from FN 9 (CAF 2015) and FN 8 (CAF 2007)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

ज्ञान आदानप्रदान कार्यक्रम

बैंक सुपरिवेक्षण विभागले भदौ ४ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । विभागका कार्यकारी निर्देशक मीना पाण्डेको अध्यक्षतामा आयोजित कार्यक्रममा का.मु. निर्देशक मिलन राईले 'Investigation vs Supervision' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले अनुसन्धान र सुपरिवेक्षणको आधारभूत पक्षबारे स्पष्ट पार्दै सम्बन्धित निकायबाट निर्वाह हुँदै आएको अनुसन्धानकारी र सुपरिवेक्षकीय भूमिकाबारे चर्चा गर्नुभयो । कार्यक्रममा विभागका कर्मचारीहरूको सहभागिता थियो ।

केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले २०८३ भदौ महिनामा काठमाडौंमा विभिन्न छ वटा अधिकृतस्तरीय तालिम कार्यक्रम सम्पन्न गरेको छ ।

यसै क्रममा केन्द्रले भदौ ४ र ५ गते 'Public Procurement: Understanding Procedures, Compliance and Best Practices' विषयक तालिम सञ्चालन गऱ्यो । सात वटा सत्रमा सञ्चालित उक्त तालिममा सार्वजनिक खरिदका विधि, बोलपत्र आह्वानको प्रक्रिया, मूल्याङ्कन र सम्झौता, करार व्यवस्थापन, भुक्तानी प्रक्रियाका विषयमा प्रशिक्षण दिइएको थियो । तालिममा विभिन्न विभाग/कार्यालयका २५ जना कर्मचारीको सहभागिता थियो ।

केन्द्रले भदौ ८ र ९ गते थापाथलीमा 'LC Operation and Practices in Nepal' विषयक तालिम सञ्चालन गऱ्यो । छ वटा सत्रमा सञ्चालित उक्त तालिममा २५ जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा प्रतीतपत्रको परिचय, यसको प्रक्रिया, प्रतीतपत्रमार्फत हुने कारोबारको लेखाङ्कन र रिपोर्टिङ प्रक्रिया, सुपरिवेक्षकीय पक्ष, अन्तर्राष्ट्रिय व्यापार र यसमा आधारित सम्पत्ति शुद्धीकरण लगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो ।

यसै गरी, केन्द्रले केन्द्रले भदौ १५ र १६ गते 'Course on Trade and Service Based Money Laundering Risks and Prevention' विषयक अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो । छ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३० जना कर्मचारीको सहभागिता थियो । सो अवसरमा सम्पत्ति शुद्धीकरण निवारणको अन्तर्राष्ट्रिय मापदण्ड, एफएटीएफको नियामकीय संरचना, व्यापार र सेवामा आधारित सम्पत्ति शुद्धीकरण, अन्तर्राष्ट्रिय व्यापार र अन्देरदेशीय भुक्तानी कारोबारको सुपरिवेक्षण लगायतका विषयमा सहभागीलाई जानकारी दिइएको थियो ।

केन्द्रले भदौ १७ र १८ गते 'Supervision of Non-bank Financial Institutions' विषयक तालिम सञ्चालन गऱ्यो । सात वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३५ जना कर्मचारीको

सहभागिता थियो। सो अवसरमा नेपालमा गैर-बैंकिङ वित्तीय संस्थाको संरचना, त्यस्ता संस्थाको नियामकीय र सुपरिवेक्षकीय संरचना, विदेशी विनिमय कारोबारको नियामकीय र सुपरिवेक्षण प्रक्रिया, रिपोर्टिङ प्रक्रिया लगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

यसै गरी, केन्द्रले भदौ १७ र १८ गते 'Late Career Management' विषयक तालिम सञ्चालन गर्‍यो। आर्थिक वर्ष २०८३/८४ मा सेवानिवृत्त हुन लागेका कर्मचारीहरूलाई लक्षित गर्दै केन्द्रले उक्त तालिम सञ्चालन गरेको हो। पाँच वटा सत्रमा सञ्चालित तालिममा विभिन्न विभाग/कार्यालयका ७४ जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा सहभागीलाई अवकाश जीवनको तयारी, समय व्यवस्थापन, स्वस्थ र तनावरहित जीवनयापन, सामाजिक कार्यमा संलग्नता, वित्तीय योजना लगायतका विषयमा जानकारी दिइएको थियो।

यसै गरी, केन्द्रले भदौ २५ र २६ गते 'AML/CFT Supervisory Aspects' विषयक तालिम सञ्चालन गर्‍यो। आठ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभागका २७ जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा एएमएल/सीएफटीको आधारभूत परिचय, यसका उदीयमान प्रवृत्ति, सम्पत्ति शुद्धीकरणका नियामक, सुपरिवेक्षकीय, अनुसन्धानकारी र सूचक संस्थाको भूमिका, सुपरिवेक्षकीय अभ्यास लगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो। ■

पाण्डे कार्यकारी निर्देशकमा बढुवा

बैंक सुपरिवेक्षण विभागका निर्देशक मीना पाण्डे कार्यकारी निर्देशक (अधिकृत विशिष्ट) मा बढुवा हुनुभएको छ।

बैंक सञ्चालक समितिको २०८३ भदौ १० को निर्णयअनुसार उहाँको बढुवा भएको हो। बढुवासँगै उहाँ बैंक सुपरिवेक्षण विभागमा पदस्थापन हुनुभएको छ। कार्यकारी निर्देशक पाण्डे २०५८ चैत २० गते बैंक सेवा प्रवेश गर्नुभएको थियो।

नेपाल राष्ट्र बैंक समाचार उहाँलाई हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्दछ। ■

अवकाश

२०८३ भदौ महिनामा विभिन्न विभाग/कार्यालयका चार जना उप-निर्देशकले बैंक सेवाबाट अवकाश पाउनुभएको छ।

नेपालगञ्ज कार्यालयका प्रकाशकुमार धिताल भदौ १, मुद्रा व्यवस्थापन विभागका उप-निर्देशक हरिगोविन्द महर्जन भदौ १४, बैंकिङ विभागका देवराज घिमिरे भदौ १५, टक्सार महाशाखाका धनबहादुर श्रेष्ठ भदौ १६ र सम्पत्ति तथा सेवा व्यवस्थापन विभागका इन्द्रप्रसाद शर्माले भदौ ३० देखि बैंक सेवाबाट अवकाश पाउनुभएको हो।

उहाँहरूले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संसाधन व्यवस्थापन विभागले दिएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

प्रकाशक
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार महाशाखा
बालुवाटार, काठमाडौं,
फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

सम्पादक
डा. सञ्जयप्रसाद मिश्र

सम्पादन सहयोगी
रोशन सेढाई
लालकुमार सुवेदी
नीरज पाण्डेय

ले-आउट
संजीव दाहाल